स्थानीय सरकार

# फतुवा विजयपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**लक्ष्मीनिया (दो.),रौतहट**

**मधेश प्रदेश , नेपाल**

प.सं.२०८१/०८२ मितिः२०८१/१२/१४ गते

स्थानीय सरकार फतुवा विजयपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय लक्ष्मीनियां (दो.) रौतहट मधेश प्रदेश, नेपाल

## फतुवा विजयपुर नगरपालिकाको नाउँमा प्रशासकीय भवनको लागी जग्गा प्रासी (खरीद) सम्बन्धी-१५ दिने सार्वजनिक सूचना ।

प्रस्तुत वियषमा यस नगरपालिका नगरकार्यपालिकाको मिति २०८१/०८/०६ गतेको बैठक निर्णय तथा मिति २०८१/१०/०४ गते यस फतुवा विजयपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय लक्ष्मीनिया(दो.),रौतहटको नाउँमा जग्गा चन्दादान दिने सम्बन्धी सार्वजनिक सूचना प्रकाशन वमोजिम संघसंस्था वा ईच्छुक ब्यक्ति-ले निशुल्क जग्गा : चन्दा दानमा दिन इच्छुक नभएको दरखास्तदर्ता हुन नआएकोमा नगर ,कार्यपालिकाको मिति २०८१/११/२६ गतेको बैठक निर्णय वमोजिम परियोजना संचालन गर्नका लागी निजी जग्गा यस नगरपालिकालाइ आवश्यक रहेकोमा जग्गा प्रासी ऐन २०३४ को दफा ३ (क) बमोजीम नगर स्तरीय प्रशासकीय भवन निर्माणको लागी यस नगर कार्यपालिकाको नाउँमा तपसील बमोजीमको चार किल्ला भित्रको जग्गा रजिष्ट्रेसन गराउनु पर्ने आवश्यक रहेकोमा इच्छुक जग्गा धनि संघ-,संस्थाब्यक्तिले जग्गा विक्री प्रति कठ्ठाको दरभाउँ अंक अक्षरमा प्रष्ट बुझ्ने उल्लेख गरी- यो सूचँना प्रकाशन भएको दिन देखि १५ (पन्द्र) दिन भित्र यस नगरपालिका कार्यालयमा गोप्य शिलबन्दी दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागी यो सार्वजनिक सूचँना प्रकाशन गरीएको छ।

<u>दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरु:</u>

१.नेपाली नागरिकता प्रमाणको फोटोकापी-१ प्रति । २.जग्गाधनी श्रेस्ता दर्ता प्रमाण पुर्जाको फोटोकापी-१ प्रति
३.चालु.आ.ब.को मालपोत तिरो रसिदको फोटोकापी-१ प्रति।४.जग्गाको नक्सा किता नं. उल्लेख भएको -१प्रति
५.जग्गाको प्रति कठ्ठा विक्रि दर-भाउँ र जग्गाको चारकिला उल्लेख भएको निवेदन पत्र-१प्रति
६.जग्गाको वोल-कबोल मूल्यअंक घटाघटकमा स्वीकृत गरिने छ ।
७.जग्गा कालोपत्रे सडक वा कालोपत्रे सडकको नजिकमा रहेको कि.नं.को जग्गालाई पहिलो प्राथमिकतामा राखेछ ।
८.नगरपालिकाको भवन निर्माणको लागी जग्गा उपयुक्त स्थान भएमा मात्र खरीदको लागी स्वीकृत गर्नेछ ।
९.जग्गाको निवेदन शिलबन्दी दर्ता हुने अन्तिम मिति २०८१/१२/२९ गते दिउँसो १२:३० बजे सम्म मात्र ।
१०.शिलबन्दी खोल्ने मिति २०८१/१२/२९ गते, समय दिउँसो १:३० बजे, स्थानःनगर कार्यपालिकाको कार्यालयमा

<u>तपसील</u>

| क्र.सं. | परियोजनाको नाम | आवश्यक जग्गा | परियोजना संचालन हुने स्थान |
|---|---|---|---|
| १ | नगर स्तरीय प्रशासकीय भवन निर्माणको लागी जग्गा प्रासी कार्य । (खरीद) | ०-१०-० (दश कठ्ठा) घटिमा | यस नगरपालिकाको वडा नं.८ विजयपुर बजारको पेट्रोल पम्पलाई केन्द्र विन्दु मानी पम्प देखि पुर्व-उतर र दक्षिण ५०० (पाँच सय) मिटर दुरी सम्म ,पश्चिम अरुवा खोला देखि पुर्व सम्मको चार किल्ला भित्रमा पर्ने जग्गाको किता नम्बरहरु मध्ये । |

.....................................

प्रमुख प्रशासकीय अधिकृत

भरत प्रसाद यादव
प्रमुख प्रशासकीय अधिकृत